पत्र संख्या: २०७०।०७१ मिति: २०७०।४।२५

चलानी नम्बर:

श्रीमान् प्रमुख एवं कार्यकारी अधिकृतज्यू,
व्यास नगरपालिका कार्यालय,
दमौली, तनहुँ ।

विषय: **आन्तरिक लेखापरीक्षण प्रतिवेदन बारे** ।

महोदय,

प्रस्तुत विषयमा चालू आ.व.२०६९।०७० को आन्तरिक लेखापरीक्षण गर्ने सिलसिलामा नगरपालिका लेखा उपशाखाबाट प्राप्त खाता बही तथा भौचरका आधारमा देखिएका टिप्पणी सहित स्थानीय स्वायत्त शासन ऐनको आन्तरिक लेखापरीक्षण गर्नका लागि तोकिएको आधारमा आन्तरिक लेखापरीक्षण तयार गरी अन्तिम लेखापरीक्षणको लागि पेश गरेको छु ।

...........................
(कूमार कंचन जि.सी.)
आन्तरिक लेखापरीक्षक अधिकृत

बोधार्थ

१. श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
   दमौली, तनहुँ
२. श्री अन्तिम लेखापरीक्षकज्यू,
३. श्री लेखा उपशाखा,
   व्यास न.पा. कार्यालय

## आ.व. २०६९।०७० को आन्तरिक लेखापरीक्षण गर्ने सम्बन्धमा आन्तरिक लेखापरीक्षण शाखाबाट देखिएका टिप्पणीहरु र सो टिप्पणीहरु अन्तिम लेखापरीक्षण हुनुपूर्व नै सुधार हुनुपर्ने:

१. विविध फुटकर योजनामा विनियोजित रकमभन्दा बढी खर्च भएकोले फुटकर योजनाको अधिकम रकम तोक्नुपर्ने देखिन्छ।

२. उपभोक्ता समितिले सम्झौतामा उल्लेखित सहभागिता रकम, जनसहभागिता र काम सम्पन्न गर्ने अवधि तोकिएतापनि कतिपय उपभोक्ता समितिहरुले सम्झौता बमोजिम योजना सम्पन्न नभएकोले उक्त कार्यलाई सम्झौता बमोजिम गराउनुपर्ने देखिन्छ।

३. उपभोक्ता समिति मार्फत संचालन भएका ठूला योजनाहरुको अग्रिम आयकर कट्टी गर्नुपर्ने देखिन्छ।

४. कर्मचारीहरुले पाएको पेश्की रकम काम सम्पन्न भएको ७ दिन भित्र पे.फ. गर्नुपर्ने देखिन्छ।

५. फुटकर तथा वडास्तरीय योजनाहरु ससाना अधिक भएकाले प्राविधिकहरुबाट स्थलगत निरीक्षण  कम हुंदा पारदर्शी नहुने भएकोले स्थलगत निरीक्षण गर्नुपर्ने देखिन्छ।

६. नगरपालिकामा रहेको अनुगमन तथा मूल्यांकन समितिले योजनाको कार्यस्थलमा नै गई कामको यथार्थ विवरण सहित कार्य भए नभएको वा सुझाव सहितको प्रतिवेदन उपलब्ध गराउनुपर्ने देखिन्छ।

७. न्युनतम शर्त तथा कार्य सम्पादन मापनलाई आधारमानी कतिपय योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले सो कार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

# आ.व. ०६९।७० को आम्दानी खर्च विवरण

क) आम्दानी तर्फ

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गत वर्षको अल्या बैंक बांकी | २७४०५९४।३४ |
| २ | आन्तरिक आम्दानी | १९७४५३६४।८१ |
| ३ | लागत सहभागिता नगद | ४४०८९३६ |
| ४ | बाह्य र अन्य आय | ५३९६४८९० |
| | जम्मा आम्दानी | ८०,८५९,७८५।१५ |

ख) खर्चतर्फ

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रशासनिक खर्च | २१९६८६०८।६७ |
| २ | वडा विकास योजना | २१२५००० |
| ३ | जगेडा कोष | १३९३५४०९ |
| ४ | स्थानीय यातायात पूर्वाधार | २३४०००० |
| ५ | सडक बोर्ड नेपाल | २,४९५,९०४।०० |
| ६ | अन्य नगरस्तरीय योजना | ३०९१४८११।८८ |
| | जम्मा खर्च | ७३,७७९,७३३।५५ |

बैंक बांकी

| | | |
|---|---|---|
| १ | बांकी | ७,०८०,०५१।६० |